स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पहिलोपटक गत साता कान्स फिल्म फेस्टिभलको रेडकार्पेटमा हिंडेर सुरक्षा पन्तले नेपालमा चर्चा बटुलिन् । हुन पनि हो, नेपाली अभिनेत्रीको रुपमा उनले पहिलोपटक कान्स रेडकार्पेट र प्रिमियरमा सहभागिता जनाइन् । एक वर्षपछि उनै सुरक्षाले राजधानीमा कान्स अनुभव बाँडेकी छन् । उनलाई कान्समा सहभागी हुन मौका दिलाउने इटालेली फिल्म 'द एट्थ माउन्टेन'को बुधबार काठमाडौंमा स्क्रिनिङ गरिएको थियो । कान्समा जुरी अवार्ड जित्न सफल उक्त फिल्म झण्डै छाडेको किस्सा उनले सुनाइन् ।

आजको विचार...



इन्द्रबहादुर बराल

वर्तमान...

(दुई पेजमा)

अभिनेत्री दीया पुनले नेपाली फिल्ममा पाइला राखेको ७ वर्ष बढी भैसकेको छ । 'वीर विक्रम' उनको डेब्यू फिल्म थियो । पहिलो फिल्मबाटै अभिनयमा राम्रो सम्भावना देखाएकी उनले करिअरको ७ वर्षमा ५ वटा फिल्ममा मात्रै काम गरेकी छन् । त्यसमध्ये पनि तीनवटा मात्र प्रदर्शन भएका छन्, दुईवटा प्रदर्शन हुन बाँकी छ । उनको करिअरको अवधिको तुलनामा फिल्मको संख्या कम हो । आगामी असार ८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'अन्तिम संस्कार'मा भने उनले गाउँले भन्दा फरक भूमिकामा चुनौती मोलेकी छन् ।



❑ वर्ष २८ ❑ अंक ३०५ ❑ २०८० जेठ २० गते शनिबार 3 June 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### कोरोना सक्रिय संक्रमित १९



**पाल्पा,** जेठ १९/नेपालमा कोरोना सक्रिय संक्रमितको संख्या १९ पुगेको छ । शुक्रबार थप २ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएसँगै संक्रिय संक्रमितको संख्या १९ पुगेको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार यसमा आरटी पीसीआरको तथ्यांक मात्र समावेश गरिएको छ ।

पछिल्लो २४ घण्टामा देशभरबाट ६ सय ६७ नमुना परीक्षण गर्दा २ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार पीसीआर विधिबाट २ सय १७ र एन्टिजेनबाट ४ सय ५० नमुना परीक्षण गर्दा पीसीआरबाट २ को रिपोर्ट पोजिटिभ आएको हो । यो अवधिमा ५ जना संक्रमित निको भएका छन् । संक्रमण कायम रहे पनि नेपालमा पछिल्लो समय छिट्टाफुट्टा रुपमा संक्रमित देखिरहेका छन् । मन्त्रालयले संक्रमण कायमै रहेकाले नाक, मुख, चिउँडो छोपिने गरी मास्क लगाउन, कोरोना भाइरसविरुद्धको खोप लगाउन, बेलाबेलामा साबुन पानी वा स्यानिटाइजरले हात धुन, खोक्दा वा हाच्छिउँ गर्दा रुमालले छोप्न र भौतिक दूरी दुई मिटर राख्न अनुरोध गर्दै आएको छ ।

# अनुदान कटौतीले प्रदेश सरकार सकसमा

## स्थानीय तहको अनुदान काट्ने तयारीमा लुम्बिनी सरकार

हाम्रा संवाददाता

**पाल्पा,** जेठ १९/आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट व्यवस्थापनमा प्रदेश सरकारलाई सकस देखिएको छ । संघीय सरकारले नयाँ आर्थिक वर्षका लागि प्रदेश सरकारलाई दिने विभिन्न अनुदान घटाएसँगै बजेट व्यवस्थापनमा सकस देखिएको हो ।




आगामी आर्थिक वर्षका लागि बजेट ल्याउने तयारीमा रहेका प्रदेश सरकारलाई संघीय सरकारले अनुदानमा कटौती गरेपछि अन्योलमा परेका छन् । अर्थमन्त्री डा.प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य प्रस्तुत गर्दै स्थानीय र प्रदेशको वित्तिय हस्तान्तरण घटाएको घोषणा गरेका थिए । अनुदान घटेपछि प्रदेशमा बनाउने बजेटको आकार समेत घट्ने निश्चित भएको छ । संघीय सरकारले दिने अनुदानमा निर्भर रहने प्रदेश र स्थानीय तहलाई बजेट कटौतीले ठूलो धक्का लागेको छ ।

संघीय सरकारले अनुदानमा कटौती गरेपछि लुम्बिनी प्रदेश सरकार समेत अन्यौलमा परेको छ । आर्थिक वर्षको बजेट निर्माणमा जुटेको प्रदेश सरकारलाई संघीय सरकारबाट गत वर्षको भन्दा झण्डै ३ अर्ब अनुदान कटौती भएपछि बजेट व्यवस्थापनमा सकस भएको हो । उसले गत वर्षको बजेट भन्दा कम आकारको बजेट ल्याउने गरी तयारी थालेको छ ।

प्रदेशले स्थानीय तहलाई दिने विभिन्न अनुदानको रकमलाई कटौती गर्ने गरी आगामी बजेट निर्माण थालेको पाइन्छ । गत आर्थिक वर्षमा प्रदेशले १८ अर्ब ४७ करोड ६४ लाख रुपैयाँ अनुदान प्राप्त गरेको थियो । यो वर्ष १५ अर्ब ३८ करोड ४२ लाख रुपैयाँ अनुदान पाउने निश्चित भएको छ ।

प्रदेश सरकारले संघले दिर्दै आएको अनुदान कटौती गरेपछि बजेटको आकार कस्तो ल्याउने भन्ने विषयमा सम्बन्धित निकायका व्यक्तिहरुसँग छलफल र परामर्श थालेको छ । अनुदान कटौतीले प्रदेशको बजेट निर्माणमा सकस भएको प्रदेश आर्थिक मामिला मन्त्रालयका प्रवक्ता एवं उपसचिव सुरेन्द्र पाण्डेयले बताए । प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० का लागि ४२ अर्ब ६३ करोड ५७ लाख रुपैयाँको बजेट ल्याएको थियो । यस पटक भने त्यो भन्दा कम आकारको बजेट ल्याउने गरी काम भएको प्रदेश सरकारले जनाएको छ । अनुदानमा आश्रित प्रदेश सरकारको एकातिर राजस्व असुलीको क्षेत्र विस्तार नहुनु र अर्कोतिर अनुत्पादक क्षेत्रमा खर्च बढ्दै जानुले समेत प्रदेश सरकार सकसमा देखिएको छ ।

# भ्यानको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु



**भैरहवा,** जेठ १९/भ्यानको ठक्करबाट भैरहवामा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

सिद्धार्थनगर नगरपालिका -४ हनुमान मन्दिरस्थित भित्री सडकखण्डमा मिलनचोकबाट गौतमबुद्ध विमानस्थलतर्फ जाँदै गरेको पीकअप भ्यानको ठक्करबाट मोटरसाइकल चालक सिद्धार्थनगर नगरपालिका वडा नम्बर १ बस्ने २४ वर्षीय धिरजसिंह राजपुतको मृत्यु भएको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीका अनुसार बिहीबार राति विमानस्थलतर्फ जाँदै गरेको भे १ च ३२९० नम्बरको पीकअप भ्यानले विपरित दिशाबाट आउँदै गरेको लु १३ प ९२४६ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । ठक्करबाट गम्भिर घाइते भएका राजपुतको उपचारका क्रममा भैरहवास्थित युनिभर्सल मेडिकल कलेज भैरहवामा मृत्यु भएको हो । दुर्घटनामा टाउकोमा गम्भिर चोट लागेका राजपुतलाई अस्पताल पुऱ्याएको केहीबेरमै मेडिकल कलेजले मृत घोषणा गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय भैरहवाले जनाएको छ । दुर्घटनापछि भ्यान र चालकलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

# गुल्मी आगलागी : एक सय १७ घरगोठ जले, ११ जनाको मृत्यु

**तम्घास,** जेठ १९/आगलागीबाट गुल्मीमा तीन वर्षमा एक सय १७ घरगोठ जलेर नष्ट भएका छन् । जिल्लाका विभिन्न पालिकामा गरी पछिल्लो तीन वर्ष अर्थात् आर्थिक वर्ष २०७६/७७ देखि हालसम्म ५३ घर र ६४ गोठ जलेर नष्ट भएका हुन् ।

चालु आवको हालसम्म ११ घर र १९ गोठमा आगलागी भएको छ । गत आवमा ३१ घर र १५ गोठ एवं आव २०७६/७७ मा ११ घर र १५ गोठ जलेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । आगलागीबाट तीन वर्षमा तीन करोड



६० लाख ३८ हजार पाँच सय बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक नवीनकिशोर प्रधानले जानकारी दिए ।जिल्लामा तीन वर्षमा आगो निभाउने क्रममा ११ जनाको ज्यान गएको छ । जिल्लामा यो आवमा पाँच जनाले आगोबाट ज्यान गुमाएका छन् ।

वैशाख महिनामा मात्रै तीन जनाले आगोमा परेर ज्यान गुमाएका छन् । गत वर्ष चार र आव २०७६/७७ मा दुई जनाको आगोमा जलेर मृत्यु भएको थियो । तीन वर्षमा २० जना घाइते भएका छन् । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नागरिकता विधेयक : प्रक्रिया गलत, काम सही

नागरिकता सम्बन्धी विधेयक प्रमाणीकरणका विषयमा यति बेला समर्थन र विरोधका आवाजहरु सुनिएका छन् । जेठ १७ गते राष्ट्रपति रामचन्द्र पौडेलले लामो समयदेखि रोकिएको नागरिकता विधेयक प्रमाणीकरण गरेसँगै समर्थन र विवादका स्वरहरु गुञ्जिन थालेका हुन् । मुलुक अहिले यही विषयले तातेको छ । विशेषतः तराई मूलका पार्टीहरुले नागरिकता विधेयक प्रमाणीकरणलाई स्वागत गरेका छन् भने प्रमुख प्रतिपक्ष दल एमालेदेखि रास्वपासम्मले त्यसको विरोध गरेका छन् । एकातिर समर्थन र अर्कोतिर विरोध सिर्जना हुनुले विधेयकलाई निकै विवादित बनाइरहेको छ । कसले नागरिकता पाउने ? भन्ने विषयमा विवाद बढेको नभई अघिल्लो संसद्ले पारित गरेको नागरिकता विधेयक प्रमाणीकरण गरेको कारणलाई लिएर विवाद बढेको हो । यसो हुनु दुखद् हो । कुरा जे सुकै भए पनि यथार्थ धरातलमा रहेर हेर्ने हो भने नागरिकता सम्बन्धी विधेयक प्रमाणीकरणको प्रक्रिया गलत हो तर काम चाही सही नै हो । हो, विधेयकलाई राष्ट्रपतिबाट प्रमाणीकरण गराउनुको साटो संसदबाट फेरि पारित गरेर राष्ट्रपतिसमक्ष पठाउनुपथ्र्यो । यसले गलत नजिर बसेको छ ।

भावनामा बहकिएर संविधान, विधि र प्रक्रिया मिचेर विधेयक पारित गर्नु कदापि स्वीकार्य हुन सक्दैन । तर, यसो भन्दै गर्दा हामीले के बिर्सिनु हुँदैन भने कानुन जनताका लागि हुनुपर्छ न कि कानुनका लागि जनता । जुन कुरा सामाजिक न्यायका हिसाबले स्वागतयोग्य छ । विधेयक प्रमाणीकरण भएसँगै योग्य भएर पनि नागरिकताबाट बञ्चित लाखौं पीडितले नागरिकता पाउने बाटो खुलेको छ । नागरिकता सम्बन्धी नयाँ कानुन नबन्दा लाखौं पीडितहरू कष्टकर जीवन बिताउन बाध्य थिए । नागरिकता नभएकै कारण उनीहरुले बैंकमा खाता खोल्न, सिम कार्ड झिक्न, उच्च शिक्षाका लागि कलेज भर्ना हुन, जागिर गर्न, सवारी लाइसेन्स लिनेलगायत थुप्रै आधारभूत सेवाबाट बञ्चित थिए । उनीहरूबाट आफ्नो भविष्य निर्धारण गर्ने मतदानको अधिकारसमेत खोसिएको थियो । सबैभन्दा डरलाग्दो कुरा के भने अनागरिक हुनुको पीडा सहनै नसकेर कतिले आत्महत्यासम्मको बाटो रोजेका खबर सार्वजनिक भएका छन् भने कतिले जीवनप्रतिको मोहभंग भएर नैराश्यपूर्ण जीवन व्यतित गरिरहेका छन् । यो विधेयकले यस्ता नागरिकका लागि थोरै भएपनि न्याय पाउने आशा भने जागेको छ । जसरी अनागरिक बनाइएका नागरिकलाई नागरिकता चाहिन्छ, त्यसमा विवाद छैन । तर, त्यो नागरिकता पनि सम्मान र सवैधानिक माध्यमबाटै दिनुपर्छ भन्ने मात्र हो । विरोधमा कतिपय राजनीतिक आग्रह छ र कतिपयमा तर्कका निम्ति तर्क मात्रै छ । यसर्थ सहिलाई सहि र गलतलाई गलत रुपमा व्याख्या गर्ने संस्कृतिको विकास गरौं ।

## Opinion @ Social Network

जसरी सर्टको बटन लगाउँदा पहिलो टाँक गलत लगाईयो भने सबै बटन गलत नै लाग्छ त्यस्तै, जीवनमा एउटा बाटो गलत लिँदा पुरै जिन्दगी नै वर्वाद हुन जान्छ ।।
(**विकास राना**को फेसबुक स्टाटस *https://www.facebook.com/**Bikash.rana.***)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वर्तमान राजनीतिक अवस्थाबाट लाभान्वित हुने पक्ष



**इन्द्रबहादुर बराल**

*वर्तमानका प्रमुख राजनीतिक दलहरुमा देखिएको परिदृष्यले त्यो माथिको तर्कलाई पुष्टि गरिरहेको भान हुन्छ । यहाँमाथि गरिएको संक्षिप्त घटनाक्रमको विश्लेषणको आधारमा अहिले आएर यो तरल राजनीतिबाट गुमेको राजसत्ता पुनः हत्याउन सकिन्छ कि भन्ने झिनो आशा बोकेर गद्दिच्युत राजा ज्ञानेन्द्र शाह देश/विदेश दौडाहामा छन् । हुन पनि वर्तमानका घिन लाग्दा भ्रष्टाचारका काण्डै काण्डले मानिसहरुको मन दलहरुप्रति आकर्षण होइन विकर्षण तीव्रगतिमा बढिराखेको अवस्था छ । राजतन्त्रको पक्षमा राष्ट्रिय प्रजातन्त्र पार्टी देखिए पनि त्यो पार्टीबाट राजतन्त्र पुनर्स्थापित हुनसक्ने कुनै लक्षण देखा परेको थिएन र उक्त राप्रपाले आफ्नै पहलमा ज्ञानेन्द्र शाहलाई मैदानमा उतार्न सकिरहेको पनि थिएन । तर, एउटा मेडिकल व्यवसायी दुर्गा प्रसाईले सत्ताच्युत राजा ज्ञानेन्द्र शाहलाइ पूर्वबाट घाम उदाउँछ भने झैं झुल्कने वातावरण बनाए । दुर्गा प्रसाईको त्यो कदम जसले ज्ञानेन्द्र शाहका निम्ति निकै उपलब्धिपूर्ण हुने अनुमान गरिँदैछ ।*

देश अहिले राजनीतिक र आर्थिक दुवै दृष्टिकोणले गम्भीर संकटबाट गुज्रिराखेको छ । त्यसका अतिरिक्त राज्यसत्ताको चरम दुरुपयोग गर्दै भ्रष्टाचारका अनेक रूपहरू पनि देखिँदै छ देखिँदै आएका छन् । पक्कै पनि नेपालीहरूले देखेको सपना त्यो थिएन । पञ्चायती तानाशाहदेखि २४० वर्षभन्दा लामो पारिवारिक बिरासतको अन्त्यका लागि नेपाली नागरिकले गरेको योगदान, सहयोग र साथ अनि अहिले देखिइरहेको र भोगिइरहेको विकृति र विसंगतिको निम्ति थिएन, थियो त सुशासन र जनउत्तरदायी शासन प्रणाली तर विभिन्न कालखण्डमा जनताका लागि आफ्नो सम्पूर्ण जीवन समर्पण गरेका मूलधारका पार्टीहरू र तीनका नेताहरू यति साह्रो गतिछाडा होलान् भन्ने सायदै सोचेका थिएन होला नेपालीहरूले । आज परिस्थिति ठीक उल्टो हुँदै गयो । भ्रष्टाचारले यसरी सीमा नाग्यो कि पूरै देश भ्रष्टाचारको दुर्गन्धले नाकै थुनेर हिँड्नुपर्ने बाध्यतामात्रै गराएन कि विगतमा भएका सकारात्मक उपलब्धिसमेतको अवमूल्यन गर्न थालियो । मानौं पहिलो जनआन्दोलन पछि देश लुट्नेबाहेक केही काम भएन कि भने झैं गरी यस्तो भ्रम नेपालीहरूको मनमा मेट्नै नसकिने गरी छाप परिसकेको छ । जसले गर्दा आज जनआन्दोलनबाट हुत्याइएका शक्ति र संस्थाहरूले मुन्टो उठाएका छन् । तसर्थ अहिलेको राजनीतिक अवस्थाबाट लाभान्वित हुन विभिन्न र हालका मूलधार मानिएका राजनीतिक दलहरूलाई किनारमा पार्ने अवस्था प्रष्ट रूपमा देखिँदै गरेको छ । यो यथार्थलाई जुनसुकै शब्दजालले ओझेलमा पार्न खोजे पनि कुनै तागतले ढाक्न सक्छ भन्ने लाग्दैन ।

अग्रगामी राजनीतिलाई पछाडि पार्दै पुनः विभिन्न समयमा भएका जनआन्दोलनले बढारेर फालेका कुडाकर्कट उच्च-मनोबलका साथ देश व्यापक रूपमा बाक्लो उपस्थिति देखाइरहेका छन् । यसको पछाडिको कारण खोज्न कहीं जानुपर्दैन कथित प्रमुख भनिएका दलहरूले खोजेमा आफैंभित्र भेट्टाउने छन् । आज यो अवस्था आउनुमा नेपाली कांग्रेस नै मुख्य दोषी छ । त्यसमा पनि नामै लिनु पर्दा गिरिजाप्रसाद कोइराला यसका प्रमुख व्यक्ति हुन् । यो तथ्य कुनै आग्रह/पूर्वाग्रह नभई यथार्थ हो कुनै पनि नेपालीको नजरबाट छिपेको छैन । पार्टीभित्रको आन्तरिक विवाद र असहमतिलाई आफैंभित्र समाधानका विकल्प नखोजी एकाएक सुविधाजनक बहुमतको संसद भंग गरेर जनता र आफ्नो पार्टीका कार्यकर्तालाई समेत निरास र हतास बनाए । अझै त्यसभन्दा अगाडि बढेर भन्ने हो भने सन्त नेता किसुनजीलाई पहिलो आमनिर्वाचन २०४८ मा अन्तरघात अर्को कारण थियो । यिनै र यस्तै कुकृत्यले क्रमशः सबैमा सल्कँदै गयो र आजको यो अवस्था पनि त्यसैको परिणाम हो भन्दा कसैका प्रति अन्याय होला भन्ने लाग्दैन । अहिले यस्तो पनि लाग्न थाल्यो कि संसदीय व्यवस्था असफल हुनाका कारणमध्य एउटा कारण भनिन्थ्यो दलीय स्वार्थ । कता/कता पञ्चायतले लगाएको त्यो आरोप ठीक पो रहेछ कि भन्ने लाग्न थालिसकेको छ । वर्तमानका प्रमुख राजनीतिक दलहरूमा देखिएको परिदृष्यले त्यो माथिको तर्कलाई पुष्टि गरिरहेको भान हुन्छ । यहाँमाथि गरिएको संक्षिप्त घटनाक्रमको विश्लेषणको आधारमा अहिले आएर यो तरल राजनीतिबाट गुमेको राजसत्ता पुनः हत्याउन सकिन्छ कि भन्ने झिनो आशा बोकेर गद्दिच्युत राजा ज्ञानेन्द्र शाह देश/विदेश दौडाहामा छन् । हुन पनि वर्तमानका घिन लाग्दा भ्रष्टाचारका काण्डै काण्डले मानिसहरूको मन दलहरूप्रति आकर्षण होइन विकर्षण तीव्रगतिमा बढिराखेको अवस्था छ ।

राजतन्त्रको पक्षमा राष्ट्रिय प्रजातन्त्र पार्टी देखिए पनि त्यो पार्टीबाट राजतन्त्र पुनर्स्थापित हुनसक्ने कुनै लक्षण देखा परेको थिएन र उक्त राप्रपाले आफ्नै पहलमा ज्ञानेन्द्र शाहलाई मैदानमा उतार्न सकिरहेको पनि थिएन । तर, एउटा मेडिकल व्यवसायी दुर्गा प्रसाईले सत्ताच्युत राजा ज्ञानेन्द्र शाहलाइ पूर्वबाट घाम उदाउँछ भने झैं झुल्कने वातावरण बनाए । दुर्गा प्रसाईको त्यो कदम जसले ज्ञानेन्द्र शाहका निम्ति निकै उपलब्धिपूर्ण हुने अनुमान गरिँदैछ । आजकल राजतन्त्रको औचित्य बारे अनौपचारिक रूपमा बहस र छलफलहरू सार्थक हुँदै गएको अनुभूति गरिँदै छ । यद्यपि राजतन्त्र यत्ति प्रयत्नले मात्रै पुनर्स्थापना हुने सम्भावना देखिँदैन । राजतन्त्र पुनर्स्थापित गर्न यी कथित ठूला दलहरू कांग्रेस-कम्युनिष्टहरू अझै यसरी नै बेलगाम भ्रष्टाचारको दलदलमा फसून् ताकि जहाँबाट उनीहरू उठ्नै नसकून् । राजतन्त्र र गद्दिच्युत राजा ज्ञानेन्द्र आफू असल भएर होइन दलहरू असफल भएर राजतन्त्र पुनर्स्थापित हुने सम्भावना भने प्रबल छ । जे भए पनि यतिबेला देशको राजनीतिले नागरिकहरूमा उत्साह ल्याउन सकेको छैन । निराश र हतास नागरिक जताबाट ढाड्स पाउँछन् त्यतैतिर नलहसिएलान् भन्न सकिँदैन । धेरै नेपालीहरू पुराना दलहरू विशेष गरेरकांग्रेस-कम्युनिष्टबाट क्रमशः टाढिँदै गएका छन् । यसरी टाढिएका मनहरू कसले क्यास गर्न सक्छ त्यसैले देशको बागडोर सम्हाल्ने अवसर पाउने निश्चित छ । या त यिनै मौजुदा दलहरू अझै आफैंभित्रको भ्रष्टाचार र कुशासन रूपी भाइरसलाई मेजर अपरेसन गर्न सकेको अवस्थामा मात्रै उनीहरूको उपस्थिति अझै रहन सक्छ अन्यथा नयाँ विकल्प खडा हुने कुरा अवश्यम्भावी छ । यसर्थ दलहरूको अकर्मण्यता, असक्षमता र भ्रष्टाचारका कारण कुन राजनीतिक शक्ति वा संस्था राजनीतिक रूपले लाभान्वित हुने हुन् भन्ने कुरा त्यसैका बारेमा सूक्ष्म चर्चा गरिएको हो । अहिलेको विकसित ताजा राजनीतिक घटनाक्रमले मूलधारका राजनीतिक शक्ति कांग्रेस, एमाले र माओवादीहरू पाखा पर्ने निश्चित जस्तै देखिएको छ । उनीहरूले आमनेपाली नागरिकको विश्वास गुमाइसकेको स्थितिबाट अब कसले राजनीतिक लाभ लिने हुन् यसै भन्न नसकिए पनि अनुमान गर्न सकिने यथेष्ट आधार देखिएका छन् । गत २०७९ साल मंसिर ४ गते सम्पन्न आमनिर्वाचन र उपनिर्वाचनबाट पनि अप्रत्याशित रूपमा उदाएको पार्टी रास्वपाले वर्तमान राजनीतिक घटनाक्रमबाट राजनीतिक लाभ उठाउन सक्ने अनुमान गर्नेहरू पनि धेरै छन् । अर्को गद्दिच्युत राजा ज्ञानेन्दको पुनः गद्दी आरोहण हुनसक्ने लख काट्नेहरू पनि कम छैनन् । तेस्रो राप्रपा पनि यो दौडमा त्यत्तिकै लागिरहेको छ ।

कम्युनिष्टहरू त यो अवस्थालाई हेर्दा भारतमा जस्तै लोप हुने हुन् कि भन्ने देखिन्छ । उता देशको सबैभन्दा जेठो राजनीतिक दल नेपाली कांग्रेसमा उत्पन्न किचलो र बालकृष्ण खाँण जस्तो शेरबहादुर देउवाका दाहिने हात भनेर परिचित नेता भ्रष्टाचार केसमा परेपछि त्यसको लाभ लिन डा.शेखर कोइराला र गगन समूह त्यत्तिकै आतुर देखिन्छन् लाभान्वित हुन अहिले फलाम तातेको छ, बेला यही हो राजनीतिलाई आफ्नो अनुकूल बनाउन भन्ने विश्लेषण गर्दै राजनीतिमा धेरै पार्टी संगठनहरूले सक्रियता बढाएका छन् । यो दौडमा कसले बाजी मार्ने हो या पुरानै पार्टीहरू आफ्नो वर्चश्व धान्ने हुन् यसै भन्न नसकिए पनि नयाँहरूको भविष्य उज्यालो देख्नेहरू धेरै छन् । यसरी हेर्दा र विश्लेषण गर्दा जनमत कि त राजतन्त्रको पुनर्स्थापनाको पक्षमा छ कि रास्वपा भन्नेहरू पनि कमी छन् । साथ साथै राप्रपा पनि आफ्नो संगठन सुदृढ गर्दै ज्ञानेन्द्र शाहको आडमा पहिलो पार्टी बन्ने इराधा राखेको पाइन्छ । तर, उनीहरू आफैंमा त्यति सक्षम देखिँदैनन् । तुलनात्मक रूपले विश्लेषण गर्दा राप्रपाभन्दा रास्वपाले बढी नै राजनीतिक लाभ लिनसक्ने देखिन्छ । यद्यपि त्यो पार्टीमा सभापति रवि लामिछाने पटक-पटक विवादमा तानिइरहँदा धक्का लाग्न सक्ने सम्भावनालाई नकार्न सकिँदैन । उनीको विकल्प त्यहाँ नदेखिँदा त्यो पार्टी रास्वपा पनि भन्ने गरिए झैं साउने भेल पो सावित हुने हो कि भन्नेहरूको कमी छैन । साथै राजनीतिमा कुन विचार र सिद्धान्तले निर्देशित गरेको हुन्छ त्यस कुराको स्पष्टता चाहिन्छ तर त्यहाँ त्यो छैन भन्ने कुरा पनि सर्वत्रै चर्चा छ । त्यसैले त्यस्ता विषयमा पनि रास्वपा गम्भीर हुनुपर्ने देखिन्छ ता कि अहिलेको राजनीतिक परिस्थितिमा भरपूर लाभान्वित हुन सकियोस् । आजसम्मको अवस्थालाई विश्लेषण गर्दा अरूको असफलतामा तत्काल असन्तुष्ट भिडबाट राजनीतिक लाभ लिएका राप्रपा र रास्वपा अब स्पष्ट वैचारिक र सैद्धान्तिक पक्षलाई प्रष्ट गर्दै जानुपर्ने देखिन्छ । यता संसदका सबैभन्दा ठूलो दल नेपाली कांग्रेसभित्रको संस्थापन इतर पक्ष डा.शेखर र गगन समूह पनि यो समय अनुकुल ठहर गर्दै पार्टीमा आफ्नो वर्चस्व कायम गर्न लागिपरेको अवस्था छ । त्यहीं भएर अहिले पार्टीमा रूपान्तरणको अभियान चलाइरहेका छन्, जुन स्वभाबिक पनि हो । यसरी हेर्दा पछिल्लो विकसित राजनीतिक घटनाक्रमबाट माथि उल्लेखितमध्ये कुन चाहिँ शक्ति भविष्यमा राज्यको मूलधार भएर निस्कने हो ट्याक्कै भन्न नसकिए पनि पक्कै यथास्थितिबाट केही परिवर्तन हुनसक्ने सम्भावनालाई नकार्न सकिने अवस्था छैन ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तको सहयोग प्राप्त हुने छ । शुभकार्यको चर्चा चल्नेछ । | **तुला** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । दैनिक खर्च बढ्न सक्छ । |
| **वृष** : प्रेमीको सहयोग पाईनेछ । वैदेशिक कार्यपनि अघि बढ्ला । | **वृश्चिक** : प्रसन्नताका बिचमा समय व्यतीत हुनेछ । सुखद् यात्राको योग छ । |
| **मिथुन** : प्रभूत्व जमाउन सकिनेछ । पारिवारिक जीवन सन्तोष रहनेछ । | **धनु** : बौद्धिक कार्यमा सफलता मिल्ने छ । प्रेमीको सहयोग प्राप्त हुनेछ । |
| **कर्कट** : अतिथिको रूपमा सत्कार पाइएला । सफलता मिल्नेछ । | **मकर** : अवसर आउनाले मन प्रसन्न रहनेछ । कार्यमा सफलता मिल्नेछ । |
| **सिंह** : आँटेको र ताकेको कार्य पुरा होला । रमाइलो यात्रापनि हुनेछ । | **कुम्भ** : तनाव बढेको महशुस हुनेछ । योजनामा ल्याउन मुस्किल पर्ला । |
| **कन्या** : कामहरू अगाडी बढ्नेछन् । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **मीन** : धार्मिक कार्यमा रुचि बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला । |

# साहित्य दर्पण

कथा — गणेश श्रेष्ठ 'विप्लव'

## स्वप्नभंग

ऊ आज बिहान सबेरै उठी । छोरा सुतिरहेको थियो । सिरानीमुनिको एउटा पुरानो पुस्तकबाट पाँच रुपैयाँको नोट निकाली, जुन उसको श्रीमानले केही दिन अगाडि राख्न दिएको थियो । पाँच रुपैयाँको नोटले पनि आज उसको लागि निकै ठूलो आवश्यकता पूर्ति गर्न सक्थ्यो । कहिले रातिको त कहिले दिनको डिउटी सकेर श्रीमान ऊसामु हंसमुख प्रस्तुत हुन्थ्यो । आखिर तीन जनाको सानो परिवार, एक किलो चामलले दुई छाकसम्म टर्न सक्थ्यो । छोराको लागि दैनिक पाँच रुपैयाँको दूध नजिकैको चिया पसलबाट ल्याइदिने गरेका थिए । पारिवारिक अर्थतन्त्रलाई सधैं मन्दीले नछाडे पनि मानसिक सुखभोगमा उनीहरु रमाएका थिए । यसअघि पनि विभिन्न आन्दोलन र मागको नाममा रामवृक्षले काम गर्ने जुटकारखाना बन्द नभएको होइन तर संघर्षपूर्ण जीवनमै रमाउँदै आएको ऊ कारखाना बन्द भएको समय भाडाका रिक्सा चलाएर पनि आफू र आफ्नो परिवारलाई जेनतेन दुई छाक पुऱ्याउँदै आएको थियो । एक समय त उसले सोचेको पनि थियो कि कारखानामा काम छाडेर रिक्सा मात्र चलाइरहूँ ।

फेरि अर्को मनले सोच्यो रिक्सा भनेको त बलबैंस हुँदा मात्र हो । कालगति वा बिरामी परे परिवारको के हाल हुन्छ ? कारखानामा भए साह्रोगाह्रो पर्दा बिदा पनि पाइने । पछि पछि स्थायी भए कामका पनि सहुलियत हुने । यस्तै यस्तै सोचले रिक्सा चलाउने कामलाई अल्पकालीन समय मात्र खर्चिने उसले निर्णय लिएको थियो । कारखाना बन्द भएको केही दिनसम्म रिक्सा चलाउन पायो । बन्दको पाँचौं दिनदेखि रिक्सा लगायत सम्पूर्ण यातायातका साधन बन्द गरियो । अब भने रामवृक्षको हातमुख जोड्ने उपाय नै समाप्त भइसकेको थियो । पानीबाहेक सबै कुरा किन्नुपर्ने उसले आकाशिएको बजारभाउमा हात हाल्नै सकेन । जोहो गरेर राखेको पचास-सय रुपैयाँले एकछाक खाँदै पाँच पाँच दिन त पुऱ्याएकै हो । उसले के गर्न सक्छ र ? काम गर्न जाऊँ काम छैन, घरमा बसौं पेट भर्न कठिन छ । यसबीचमा उसले एउटा गहिरो निर्णय गऱ्यो, आन्दोलनमा आफू पनि सामेल हुने । उसले अघिल्लो दिन एक जना नेताको भाषण सुनेको थियो- आफूहरु जातीय शोषणको कारण नै आर्थिक रुपमा पछि परेको । उसले गहिरिएर विश्लेषण गऱ्यो- यो हड्ताल वा आन्दोलन हाम्रै जातीय र आर्थिक मुक्तिको लागि हो । आफूलाई किन त्यसै खुम्च्याएर राख्ने ? यदि हाम्रो आन्दोलन सफल भए मैले पनि यो सहरमा एउटा घर कसो नबनाउँला ? मेरो छोरालाई पनि सहरको राम्रो बोर्डिङमा कसो नपढाउँला । उसले आन्दोलनमा जानुअघि निकै ठूलो कल्पनाको महल ठड्यायो । श्रीमतीलाई सम्झाउँदै भन्यो- छोराको राम्रो ख्याल राख्नू । आन्दोलन अझ सशक्त ढंगले अगाडि बढिरहेको छ । सरकारले घुँडा टेक्ने छाँट देखिंदैन । आन्दोलनमा नगए भोलि कुनै अवसर आँउदा वञ्चित गराउने हुन् कि ? श्रीमानको प्रस्ताव पनि उसलाई ठिकै लाग्यो । घरमा बसेर के काम थियो ? साँझ परेपछि भट्टीमा उधारो रक्सी पिएर झगडा गर्न मात्र जानेको छ । कमाइ गर्ने केही उपाय छैन । उसले श्रीमानको प्रस्तावलाई सहर्ष स्वीकार गरी । ऊ छोराका लागि दूध लिन चिया पसलमा पुगी । उसले पाँच दिन अगाडिदेखि उधारो दूध लैजाँदै आएकी थिई । उसले आजसम्मको तीस रुपैयाको भाका जसरी भए पनि पूरा गर्नैपर्ने थियो । नत्र चिया पसलेले कुनै हालतमा उधारो दूध नदिने भयो । दुई दिनलाई भनेर उधारोको प्रस्ताव राखेको उसले आज छैठौं दिन भयो । पाँच रुपैयाँको नोटसँगै विवशता प्रस्तुत गर्दा पनि पसले नपग्लिएकाले ऊ रित्तै फिर्न खोज्दैथिई । चियापसलमा केही मान्छे जम्मा भइसकेका थिए । उसले चिया पिउन आउनेहरुकै मुखबाट अस्पष्ट आवाजसँगै रामवृक्ष शब्दलाई अस्पष्ट सुनी । अघिल्लो दिन बिहानैदेखि आन्दोलनकारी भएर हिंडेको श्रीमानको अस्पष्ट नामोच्चारणले उसको मनमा अनौठो खुलदुली मच्चायो । ऊ एक पाइला अघि सरेर ठिङ्ग उभिई र चिया पसलमा आएका मानिसहरुको वार्तालाई अझ ध्यान दिएर सुन्न थाली । चिया पसलमा भएको वार्तालाप अझ स्पष्ट हुँदै गयो । 'यो हड्ताल पनि कहिलेसम्म चल्ने हो ? जताततै सास्ती खेप्ने दिन कहिले गएन,' एउटाले बोल्यो । 'हड्ताल रोकिने त कुरै नगरौं । हिजो राति कर्फ्यु तोड्न खोज्दा प्रहरीको गोली लागेर दुई जना आन्दोलनकारी मारिएछन्,' अर्कोले भन्यो ।

'ए मरिनै गएछन् । कताको परेछन् हँ । मोराहरु किन राति राति कर्फ्यु तोड्न गएका नि ?' तेस्रोले उत्सुकतापूर्वक सोध्यो । 'खै यही हो भनेर चिनेको त कोही होइनन् । नाम भने एउटाको देखनलाल र अर्कोको रामवृक्ष भन्ने सुनेको ।' पहिलो सूचनात्मक जानकारी दिंदै बोल्यो । आन्दोलनकारी मारिएसँगै रामवृक्षको नाम जोडिएको उसले स्पष्ट सुनी । उसलाई कताकता आफू सपनामै उभिएकी छु जस्तो लाग्यो । मुटुमा कताकता अकारण डर लागेर आयो । रामवृक्ष र मारिएको शब्द उसलाई कता कता भ्रम र यथार्थको दोसाँधबाट फुस्किए झैं लाग्यो । एकैछिनमा रिंगटा लागेर लडिन्छ जस्तो पनि लाग्यो । उसले आफूलाई नियन्त्रणमा राख्ने कोशिस गरी । ऊ आफूलाई निकै धैर्यमा राख्दै अगाडि बढेर उही चिया पसलमा पुगी । उसको अनुहार आफूलाई जतिसुकै कठोर बनाए पनि पानी पर्न लागेको आकाश झैं कालो मैलो भएको थियो । उसलाई सरासरी चियापसल छेउमै आएर उभिएकोदेखि चिया पिउन आउनेहरु मुखामुख हेर्न थाले । ऊ के सोध्ने र कसरी सोधाइको क्रमलाई अगाडि बढाउने-वाक्यहीन भएर अडिरही । उसको अनुहारको भावभंगीमा र अनौठो उपस्थिति देखेर एउटाले सोध्यो, 'बैनी किन टोलाएर उभिएकी ? के अप्ठ्यारो...।' यसअघि चिया पसल्नीसँग दूधको अनुनय विनय गरेर गएकी उसलाई कसैले चासो दिएका थिएनन् । ऊ अझ झसंग हुँदै बोली, 'हिजो राति कर्फ्युमा को को मारिएछन् भनेर सोध्न आएकी । तपाईंहरुले बुझ्नु भएको रहेछ ।' उसले निकै कठोर मुटु बनाएर यतिसम्म सोध्न सकेकी थिई । उसको अप्रत्यासित उपस्थिति र व्यथित कौतुहलता देखेर दोस्रोले भन्यो, 'किन तिमीले यति चासो दिएर सोध्यौ ? तिम्रो पनि कोही कर्फ्युको समय आन्दोलनमा गएका थिए र ?' उसलाई त्यस मानिसप्रति प्रश्नले मुटु नै क्याप्प अठ्यारो झैं भयो । तै उसले छोटकरीमा यतिसम्म भन्न सकी । 'हजुर' अब चिया पसलमा जम्मा भएका सबैले अनुमान लगाए कि समाचारका देखनलाल र रामवृक्ष उसकै आफन्त हुन सक्छ । तेस्रोले सोध्यो, 'तिम्रो को गएका थिए, रातिको कर्फ्यु तोड्न ?' उसले ओठमुख सुकाउँदै एक शब्द निकाली । 'श्रीमान् ।' उसको श्रीमान् भन्ने जवाफले सबैको अनुहारमा शंकाको घेरा कोरिन थाल्यो । चौथोले बाल्यो, 'तिम्रो श्रीमान कतै आफन्त वा साथीभाइको घरमा रहेका होलान् । चिन्ता नगर । आन्दोलनमा धेरै मान्छे गएका थिए । तिम्रा श्रीमान नपरेका हुन पनि सक्छन् ।' यसैबीचमा चौथोले पुनः बोल्यो, 'नाम चाहिं के हो तिम्रो श्रीमानको ?' चौथोको सहानुभूतिले केही शीतल भएकी ऊ श्रीमानको नाम सोधाइबाट अधैर्य हुँदै जवाफ दिन पुगी । 'रामवृक्ष ।' उसको यो पछिल्लो जवाफले सबैको शंका यथार्थमा अनुवादित भयो । सबैजना स्तब्ध हुँदै उसको सडिसकेको अनुहारमा हेर्न थाले । यो दृश्यले उसलाई अझ बज्रपात गरे झैं भयो । ऊ उभिन नसकेर भुइँमा थचारिन पुगी । उसको विपद् स्थितिलाई देखेर एउटाले बोल्यो । 'बिचरी कलिलै उमेरमा विधवा हुने भई ।' सहानुभूतिका वाक्यहरु खस्दा नखस्दै ऊ एकपटक लामो मुर्छाबाट ब्युँझिएकी थिई । चिया पसलमा मानिसहरुले उसलाई अडिन र धैर्य गर्न भनिरहेका थिए । एउटाले बीचैमा बोल्यो, 'श्रीमान् मरेर के भो त नानी, दश लाख तिमीले भेट्नेछौ । शहीदकी श्रीमती भन्छन् । सम्मान हुन्छ । छोराछोरी छन् भने सरकारले नै पढाइदिन्छ । अर्को बिहे गर्न मन लाग्यो भने अझै पनि उमेर छँदैछ । जहिले भए पनि एक दिन मर्नैपर्ने हो ।'

यो कुराले उसको सुकिसकेको मनमा फेरि हरियो पलायो । उसले सम्झी, 'ओहो ! दश दश लाख पैसा ! जीवनमा ऊ बाँचेको भए कहिले देख्न पाउने थिइनँ ।' पहिलोले सान्त्वनास्वरुप बोलेको कुराले ऊ केही सम्हालिएको देखेर दोस्रो सम्झाउन थाल्यो । 'अब किन धेरै अत्तालिन्छौ नानी, जे हुनु भइगयो । अब दश लाखले एउटा घर किन । पसल थाप । काममा व्यस्त भएपछि श्रीमानको पीडा बिस्तारै बिर्सँदै जान्छौ । फेरि कतिका त श्रीमान् पनि दुःख दिने मात्र हुन्छन् । हुन त तिम्रो श्रीमान मरेकोमा जाती ठानेको हैन । कसैलाई त कहिलेकाहीं अलग्गै बसूँ झैं पनि लाग्दो हो । सम्पत्ति पो नपाउनु । लोग्ने त रोजीरोजी पाइन्छ ।' दोस्रोको कुराले उसलाई लगभग पूर्ण सहानुभूति मिलिसकेको थियो । उसले मनमनै सोची, श्रीमानले रक्सी खाएर उसलाई एक दिन कसरी मरणासन्न हुनेगरी पिटेको थियो । पछिल्लो समय त झन् रातैपिच्छे रक्सी खाएर झगडा गरिरहन्थ्यो । एक दिन त ऊ सधैंको लागि श्रीमानलाई छाडेर हिंडिसकेकी पनि थिई तर छोराको मायाले फर्कन बाध्य भई । अब भने श्रीमानका थुप्रै अवगुणलाई स्मरणमा ल्याउँदै उसले आफूलाई काबुमा ल्याउन सफल भइसकेकी थिई । एक मनमा पीडाको बोझिलो भारी भए पनि अर्को मनमा आशाको प्रफुल्लता बोकेर मनभरि दश लाखको योजना बनाउदै ऊ सरासर कोठातिर लागी । पसलका मानिसहरु उसको अप्रत्यासित परिवर्तन देखेर अचम्मित भए भने सहानुभूति दिनेहरु आफ्नो सहानुभूतिको प्रभावले उसमा आएको परिवर्तनले दंग थिए । ऊ हतारिएर छोरालाई दूध चुसाउन के आफ्नो कोठामा मात्र पुगेकी थिई- कोठाभित्र सर्वपरिचित एउटा पुरुष आवाज स्पष्ट सुनियो । उसले बाटोभरि कल्पना मात्र पनि गरेकी थिइनँ कि उसको श्रीमान् सकुशल फर्केर आउनेछ ।

*-अनलाइन खबर डटकम*

हास्यव्यङ्ग्य — कृष्ण प्रधान

## बसको पेटभित्र

काँकरभिटादेखि धरानसमम जानलाई बस हेर्दै थिएँ... "धरान एक्स्प्रेस ! धरान एक्सप्रेस !" भन्दै एउटा बस आएर मेरो अघि घ्याच्चै रोकियो । "सिट खाली छ ?" भनी सोधेको मात्र के थिएँ, कण्डक्टरले "जत्ति छ सिटड । सरलाई कतिवटा सिट चाहियो ?" भन्दै मलाई घुच्चुकमै समाती बसको पेटभित्र खाँद्यो । बसको पेटभित्र पसेँ...हुत्तिएर...गुन्द्रुक खदाइँ रहेछ बसको पेटभित्र । के साह्रो पनि खाँदिका मान्छेहरूलाई । सोंचेँ बसलाई च्यात्नु हुने भा पनि यी कण्डक्टरले बसलाई च्यातेर धरान जाने जतिलाई बसको पेटभित्र हाल्ने थिए होलाजस्तो लाग्यो । एउटा टीनमा गुन्द्रुक खाँद्दा जस्तो अवस्था हुन्छ म चढेको धरानसम्म पुग्ने बसको पेटभित्रका यात्रुहरूको अवस्था पनि त्यस्तै देखेँ । मान्छे छिर्ने ठाउँ छैन...कण्डक्टर "पछि जानोस्....पछि जानोस्" भनेर कराएको कराएकै । देब्रे हातको किताब छातीमा अडेको छ । दाहिने हातले माथि ह्याण्ड च्याप्प । हल्लिने, चलमलाउने चान्सै छैन । बस गुँड्दैछ पेटभित्र असंख्य यात्रुहरू बोकेर । मलाई लाग्दैछ हामी बस्तीका खसी हौं । हामीलाई वागनमा खाँदेर बुच्चडखानामा लगिरहेछ । गुरुजीको गाडी हँकाइँ डरलाग्दो । ठाउँ ठाउँमा ब्रेक लगाउँदा कतिपल्टड हुत्तिएर कसैको छातीमा कहिले, कहिले वा काखीमा नाक जोतिसक्या छ...त्यसको हिसाब छैन । फोल्डिङ दाँत हुनेहरू ता नेपालको बसको पेटभित्र नचढेकै वेस । एकपल्ट घ्याच्च ब्रेक कस्दा फोल्डिङ दाँत कसैको काखीमा उछिट्टिने डर । फेरि म आफू परेँ सरकारी हाइटका मान्छे । यस्ता हाइटका मान्छेलाई ता झन् पीर ।

काँकरभिटादेखि इटाभट्टासम्म मात्रै एक्सप्रेस बस । इटाभट्टा कटो कि सुलसुले बस । कुनै मान्छे देख्नु नहुने..., ...कण्डक्टर चमेरोजस्तो तुर्लुङ्डै झुण्डिएर "धूलाबारी ! चाराली" भन्दै कराएको दृश्य देख्दा यी कण्डक्टर घर पसेपछि आफ्नो श्रीमतीलाई भन्दा हुन् "खाट एक सिट...खाट एक सिट ! खाली छ...खाली छ" भनी दिउँसो बसमा झुण्डिएर धड्धड्ती मेटाउलान् जस्तो लाग्यो । एक्सेप्रेस बस नाममात्रै.... बाटामा यात्री देख्यो कि घ्याच्चै घ्याच्चै रोक्दा रहेछ । यसरी बस घ्याच्चै घ्याच्चै रोकेर फेरि गुड्दा हुत्तिएर दड्दड्ती गन्हाउने काखीमा जोतिनु पर्दा लु भन्नोस् त्यसबेलाको अवस्था कस्तो होला ? काखीको गन्ध पनि एउटै किसिमका भए ता हुने नि नारायण ! नेपालका काखीहरूबाट अन्तर्राष्ट्रिय गन्ध मडारेर नाकका दुलामै पस्दोरहेछ । तर नेपालका बसको पेटभित्र धेरैपल्ट चढिसकेकोले फूलदानीमा खाँदिएका सिन्केधूपजस्तै ठिङ्ग उभिएर हिँड्दा-हिड्दा र कैयन् काखीहरूमा यो मेरो नाक जुझिसकेकोले मेरो यो नाक थेत्तर र 'काखी प्रुफ' चाहिँ भएको छ... छ । यो बसको पेटभित्र धेर चल्मलाउनु पनि डर सरी । पछिबाट आएको कर्कश स्वर कानैमा थुरिन्छ, "हल्लो सर ! धेर यताउति नगर्नोस् । अहिले डिलिट गरिदिउँला ।" बसको पेटभित्र खाँदिएका यात्रुहरू पनि एक मुख लाएर बोल्छन्, "चुर्णा पर्याजस्तो गुजुगुजु गर्ने ठाउँ होइन क्या !" नेपालमा अचम्म र उदेक लाग्यो, नेपालवासीहरू अरु जहाँ जस्तोसुकै अवस्थामा होस्...मतलब छैन । तर बसको पेटभित्र भने 'एकवाद' चल्दोरहेछ भन्ने यही नेपालको बसको पेटभित्र यात्रा गर्दा छर्लङ्डै बुझेँ । बसको पेटभित्र 'प्रतिवाद'को चान्सै छैन । वाद भनेको माइनस । बेला बखत नाकको भूगोल नै बिगार्ने गरी भुँडीसमेत हुँडुलिने गरी कुनै चैं कुनोबाट प्रस्थान भएको वायु नाकका दुलामा प्रवेश गर्दा हिटलरको ग्याँस च्याम्बर बसको पेटभित्र पनि भन्ने अनुमान भयो । पसिनै सरी भएर कण्डक्टर दड्दड्ती गन्हाउँदै छेवैमा आई "भाडा....भाडा..." भन्दा उसको मुखारविन्दबाट निस्केको आवाजले यो मान्छेले टिभी देखाउने 'टुथ पेष्ट'को विज्ञापन कहिल्यै नहेर्दोरहेछ भन्ने छर्लङ्डै भयो । पछिबाट एउटा आवाज, "यो दाइ के साह्रो चलेका हैं ?" अर्को थप आवाज, "स्प्रिङ खाएर आयो कि क्या हो ?" दाइको स्वर, "अरे मेरो जुत्ताभित्र के पसेछ ?" पछिल्तिरबाट - "जुत्ता खोलेर बाहिर घुईंकाइ दिनोस् । क्लासिकल डान्स गरेजस्तो जीउ बङ्याउने काम के छ दाइ ?" दाइको नम्र जवाफ, "प्रोमिस...मेरो जुत्ताभित्र कोनि के पसेछ । जुत्ताभित्र सिरान लाएर बसेको बूढह्रो औंली कतिचोटि हल्लाइसकेँ । गिलित्...गिलित् परेको के छ...छ..। न्याम्...न्याम् पनि छ ।" स्त्री स्वर अर्को कुनाबाट - "अरे ! यो मान्छे के साह्रो चलेका हौ हन ?" नम्र स्वरमा दाइ, "होइन म्याम....मेरो जुत्ताभित्र मूसा पस्याजस्तो लाग्दैछ ।" "भोलिदेखि बिरालो बोकेर हिंड्नू" - अर्को आवाज ।

बसको पेटभित्र सिटमा बसिरहेका एकजना भद्र मानिसको मानवता बसको पेटभित्र यसरी प्रतिध्वनित हुन्छ - "आउनोस् सर ! मेरो सिटमा बसेर जुत्ता फुकाल्नोस्....।" अर्को चर्को स्वर, "अरे ! जुत्ता किन फुकाल्नु ? जुत्ताभित्र साँप होला ।" समवेत् स्वर - "हाम्रो जीवनको कुनै रिस्क छैन कि क्या हो ?" "रिस्क-सिस्क छोड्नोस् हजूर । तपाई चुपो लागि यहाँ आएर जुत्ता खोल्नोस् ता" भन्दै ती भद्र व्यक्ति आफ्नो सिट छोडी उभिन्छन् । बसको पेटभित्र चूर्णा परेजस्तो गुजुगुजु चल्ने ती व्यक्ति आएर ती भद्र व्यक्तिको सिटमा आएर बसी जुत्ता फुकाले...सबैले आ-आफ्ना नाक छोपे...मोजा दड्दड्ती गन्हाएर बसको पेटभित्र हुँडीबिडी चल्यो । उनले जुत्ता टक्टकाएका मात्र के थियो ...एउटा घर साङ्लो उडेर एउटी तरुणीको केशमा थपक्कै बस्यो । साङ्लो भनेपछि स्त्रीमान्छेहरू साह्रै डराउँदा रहेछन् भन्ने यसै दिन प्रमाणित भयो । साङ्लो केशमा बस्नु बेर न ती तरुणी बसको पेटै हुडहुडलिने गरी कहालिएर मेरो अघिआएर मलाई च्याप्पै अङ्गालो हालिन् । अर्को स्ट्याण्डमा उनी ओर्लिन् । म भने साङ्लोको खोजमा थिएँ । त्यो साङ्लो फेरि उडेर कुनै तरुणीको केशराशिमा बसिदिए ता नेपालभूमिमा दोस्रो अङ्गालो जुर्ने थियो जस्तो लागिरह्यो । बस आफ्नो रफ्तारमा गुडिरहेछ । मेरो अघिल्तिर एउटी सुन्दरी परिछन् । बसको रोकिँदा...गुड्दा हामी कतिचोटि टाँस्यौं.,..टाँस्यौ...हिसाबै छैन । निकै बेर पछि ती सुन्दरी बोलिन् - "दाइ ! तपाईको खल्तीभित्र भएक खैनीको डब्बाले मलाई साह्रो बिझायो । अलिक पर सर्नोस् कि चाहिँ खैनीको डिब्बा निकाल्नोस् ।" मैले भनेँ, "म्याडम ! माफ गर्नोला...म खैनी कहिल्यै खाँदिनँ । खैनी नखाने मान्छेको खल्तीभित्र खैनीको डिब्बा कहाँबाट आउँछ ।" ती सुन्दरी लाजले आफै पर...सरिन् । ती सुन्दरीलाई खैनीको डिब्बा नै नबोक्ने मान्छेको के ले बिझायो कोनि...छक्कै परेँ । धरान आइपुग्ने ती जुत्तामा साङ्लो बोक्ने यात्रीलाई भनेँ, "ब्र ! भोलि पनि अर्को एउटा साङ्लो ल्याउनुहोला । थ्री टाइम्स युवतीको केशराशिमा बस्यो भने मेरो टार्गेट सक्सेस हुनेछ ।" मेरो पाकिटमा भएको खैनीको डब्बाले बिझाउने सुन्दरी कति बेला बसको पेटभित्रबाट ओर्लिछिन् साङ्लो खोज्ने हुँदा थाहै भएन ।

*-समकालीन साहित्य डटकम*

### मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ता कायम नामसारी सम्बन्धी ३५(पैतिस) दिने हकदावी गर्न आउने सार्वजनिक सूचना

पाल्पा जिल्ला साविक पिपलडाँडा -६ हाल रम्भा -३ बस्ने पोविसरा मश्राङ्गी, धर्मा कुमारी मश्राङ्गी र मन्जु मश्राङ्गीले आफ्नो बाबु तथा हजुर बाबु मनसे मश्राङ्गीको मिति २०५५/११/०१ मा मृत्यु भएको, निजको नाममा साविक पिपलडाँडा -६ मा कि.नं. ७४८ को जग्गा भएको पत्नी श्री मश्राङ्गीको पनि मिति २०५५/११/१५ मा मृत्यु भएको, निज मृतक दम्पतिको एक भाई छोरा हिरा सिं मश्राङ्गी र तिन बहिनी छोरीहरु मध्ये कान्छी छोरी पोविसरा मश्राङ्गी अविवाहित भएकोमा छोरा हिरा सिं मश्राङ्गीको समेत मिति २०५५/११/१५ मा मृत्यु भएको, निजको एक मात्र पत्नि मंगल कुमारी मश्राङ्गी भएकोमा निजको समेत पत्ति हिरा सिंको मृत्यु पश्चात पिपलडाँडा-६ निवासी डिल बहादुर मश्राङ्गी सगँ मिति २०५७/१०/०८ मा विवाह भई गएको, मृतक हिरा सिं र मंगल कुमारी मश्राङ्गी बाट छोराहरुको जायजन्म नभएको, चार बहिनी छोरीहरु क्रमश डिलमाया, धर्मा कुमारी, अम्बी र मन्जु मश्राङ्गी भएकोमा जेठी डिलमाया र साइली अम्बीको समेत विवाह भएको, मृतक ज.ध दम्पतिका तिन छोरीहरु मध्ये कान्छी छोरी पोविसरा मश्राङ्गी अविवाहित भएको, मृतक ज.ध का नाममा रहेको उक्त कि.नं. का जग्गाहरुको ज.ध प्रमाण पुर्जा समेत हराएको हुँदा हाल मृतकका शेषपछिका नजिकका हकदार हामी छोरी तथा नातिनिहरुका नाममा उक्त कि.नं. का जग्गा मृतकका नाममा श्रेस्ता कायम गरी हामी निवेदकहरुका नाममा संयुक्त ना.सा गरीपाउँ भनी निवेदनका साथमा सनाखत, प्लट रजिष्टर, दर्ता उतार, रम्भा गा.पा वडा नं-३ च.नं २४०९ मिति २०८०/०२/१४ को सिफारिस पत्र, नाता प्रमाणित, मुचुल्का, नागरिकता, रम्भा गा.पा मिति २०८०/०२/१७ च.नं २४२१ को सिफारिस पत्र (लगत प्रमाणित सम्बन्धमा), मृत्युदर्ता, तिरो रसिद आदि संलग्न राखी मिति २०८०/०२/१७ गतेका दिन यस कार्यालयमा निवेदन दिनुभएको ।

यसमा ज.ध भनिएका मनसे मश्राङ्गीले पिपलडाँडा- ६ कि.नं. ७४८ को जग्गा विक्री वितरण तथा अन्य कुनै प्रकारले हक हस्तान्तरण गरेका छन् वा छैनन् ? हाल उक्त कि.नं को जग्गा कसले भोगचलन गरिरहेको छ ? ज.ध भनिएका मनसे मश्राङ्गीको मृत्यु भएको हो वा होइन ? निजको एकमात्र पत्नी श्री मश्राङ्गीको मृत्यु भएको हो वा होइन ? निजको एकमात्र पत्नी श्री मश्राङ्गी भएकोमा निजको समेत मिति २०५५/११/१५ मा मृत्यु भएको भनिएको हो वा होइन ? ज.ध मृतकको कहिले मृत्यु भएको हो ? ज.ध भनिएका मृतक दम्पत्तिका के कति सन्तान हुन् ? एकमात्र छोरा हिरा सिं मश्राङ्गीको मिति २०५५/११/१५ मा मृत्यु भएको हो वा होइन ? निजको एकमात्र पत्नि मंगल कुमारी मश्राङ्गी समेत पतिको मृत्यु पश्चात मिति २०५७/१०/०८ मा डिल ब.नाम गरेका व्यक्ति संग दोस्रो विवाह भई गएको, हिरा सिं मश्राङ्गी र मंगल कुमारी मश्राङ्गीबाट छोराको जायजन्म नभई मात्र चार बहिनी छोरीहरु डिलमाया, धर्मा कुमारी, अम्वीर मन्जु मश्राङ्गी भएकोमा डिलमाया र अम्वीको विवाह भएको र धर्मा कुमारी र मन्जु मश्राङ्गी अविवाहित रहेको भन्ने कुरा साँचो हो वा होइन ? ज.ध मृतक दम्पत्तिका तिन छोरीहरु मध्ये कान्छि छोरी पोविसरा मश्राङ्गी अविवाहित रहेको भन्ने कुरा साँचो हो वा होइन ? निवेदक बाहेक अन्य हकवाला छन् वा छैनन् ? माथि उल्लेखित कि.नं का जग्गा मृतक ज.ध भनिएका मनसे मश्राङ्गीका नाममा श्रेस्ता कायम गरी निवेदकका छोरी पोविसरा मश्राङ्गी र नातिनीहरु धर्मा कुमारी मश्राङ्गी र मन्जु मश्राङ्गीका नाममा संयुक्त ना.सा गरीदिन मिल्छ वा मिल्दैन ? निवेदन माग बमोजिम गरीदिँदा अन्य कोही कसैलाई असर पर्छ वा पर्दैन ? निवेदन मागदावी बमोजिम गर्न नमिल्ने भए वा कोही कसैलाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण सहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुन वमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

***इति सम्वत् २०८० साल जेठ महिना १९ गते ०६ रोज शुभम्।***

# डढेलोले पाइप जलेपछि खानेपानीको समस्या



**रामपुर (पाल्पा),** जेठ १९/डढेलोका कारण पाल्पाको निस्दी गाउँपालिका-४ द्वार्घामा खानेपानीको समस्या भएको छ । जंगलमा लागेको डढेलोले पाइप जलेपछि पिउने पानीको समस्या भएको हो ।

मोलोगैरा सामुदायिक वनमा लागेको आगोले खानेपानी ल्याइएको पाइपमा क्षति पुगेको छ । वन क्षेत्रभित्रको दुई सय ५० मिटर पाइप जलेपछि खानेपानीको समस्या निम्तिएको छ । यहाँका सोमै थर र थाम थरका १० घरपरिवारलाई पानीको समस्या भएको स्थानीय तिलबहादुर सुनारीले बताए । उनका अनुसार करिब साढे दुई मिटरको पाइप जलेर नष्ट भएको छ । सडक निर्माणको क्रममा जमिनमुनि गाडिएको पाइप बाहिर निकालेका पाइपमा क्षति पुगेको छ । निस्दी गाउँपालिका-४ झ्याल्टुङको मुहानबाट ल्याएको पानी स्थानीयले वर्षौंदेखि पिउँदै आएका थिए । पाइप जलेपछि स्थानीयले मुहानबाट घण्टौं लागेर पानी बोकेर खाने बाध्यता सिर्जना भएको स्थानीय मञ्जु सारुले बताइन् ।

गाउँमा लिफ्टिङ प्रणालीको योजना रहेता पनि घाम लागेका समय पानी आउने र अन्य समय बन्द हुने हुँदा मुहानबाटै पानी बोकेर पिउनुपरेको स्थानीयले बताएका छन् । वन डढेलोका कारण बर्सेनि स्थानीयले सास्ती भोग्नु परिरहेको छ । जथाभावीरूपमा जंगलमा आगो लगाउने कार्यले पाल्पामा हरेक वर्षजसो नै विभिन्न क्षति हुने गरेको छ । *-रासस*

# गुल्मी आगलागी : एक...

...यो आवको चैतसम्म १० जना, गत वर्ष सात र आव २०७६/७७ मा तीन जना घाइते भएका छन् । आगलागीबाट पछिल्लो तीन वर्षमा ९६ पशुचौपायको मृत्यु भएको छ भने २७ पशुचौपाय घाइते भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । गुल्मीमा यस वर्ष मात्रै ३९ सामुदायिक वनको छ सय १९ दशमलव पाँच हेक्टर क्षेत्रफलमा आगलागी भएको छ ।

जिल्लामा निजी वनमा समेत आगलागी भए पनि त्यसको भने कतै पनि तथ्याङ्क समावेश गरिएको छैन । जिल्लामा सबैभन्दा बढी इस्मा गाउँपालिकाको सामुदायिक वनमा आगो लागेको डिभिजन वन कार्यालय गुल्मीका सूचना अधिकारी मुना शर्माले बताइन् । सुक्खा मौसम र हावाहुरी एवं लाहापरवाहीका कारण जिल्लाका विभिन्न वनमा आगलागी हुँदै आएको छ । *-रासस*


## रिब्दीकोट गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु विवाह जस्ता घटना ३५ दिन भित्र वडा कार्यालयहरुमा दर्ता गरौं ।
- सीप सिकौं, स्वालम्बी बनौं ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- खडेरीको समयमा आगालागिका घटनाहरु बढी घट्ने हुनाले आगोजन्य सम्भावित प्रकोपबाट बच्न सबै सचेत बनौं ।
- प्लाष्टिकको प्रयोग नगरौं, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं ।
- कृषि, पशुपालनमा यूवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

कान्ता अधिकारी
उपाध्यक्ष

नारायण बहादुर कार्की
अध्यक्ष

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा


## खेलकुद समाचार

### बास्केटबलमा ललितपुर र आर्मी विजयी



**काठमाडौं,** जेठ १९/मदन भण्डारी कप बास्केटबल प्रतियोगिताको शुक्रबार भएको खेलमा ललितपुर हाई र आर्मी विजयी भएका छन् । कीर्तिपुरस्थित कभर्डहलमा भएको महिलातर्फको खेलमा ललितपुर हाईले धरान बास्केटबल एसोसिएसनलाई ७२–३९ अंकले हरायो ।

ललितपुर हाईका लागि काभ्या सिङ्लाले १४ अंकको योगदान गरिन् । उनी 'मोस्ट भ्यालुएवल प्लेयर' घोषित भइन् । पुरुषतर्फको खेलमा आर्मीले डाउनटाउन स्पोर्टस सेन्टरलाई ९५–८३ अंकले पराजित गऱ्यो । विजयी टोलीका रामकृष्ण घताने 'मोस्ट भ्यालुएवल प्लेयर' घोषित भए ।

महिलातर्फको अर्को खेलमा रोयलले कीर्तिपुर बास्केटबल टिमलाई ८१–३० अंकको फराकिलो अन्तरले पाखा लगायो । उक्त खेलमा विजयी टोलीकी मीना गुरुङ 'मोस्ट भ्यालुएवल प्लेयर' घोषित भइन् । महिलातर्फकै अर्को खेलमा बुढानिलकण्ठ बास्केटबल क्लबले मदन भण्डारी स्पोर्टस एकेडेमीलाई ६८–२० अंकले पाखा लगायो । विजयी टोलीका बिनामनी योञ्जन 'मोस्ट भ्यालुएवल प्लेयर' घोषित भइन् । पुरुष तथा महिलातर्फ विजयी हुने टोलीले जनही एक लाख ५० हजार रुपैयाँ नगद पुरस्कार पाउने जानकारी आयोजक मनद भण्डारी स्पोर्टस एकेडेमीले दियो । दुबै स्पर्धामा दोस्रो हुने टोलीले भने ५० हजार रुपैयाँ पुरस्कार पाउने छन् ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५–५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### २० वर्ष पुगी विवाह गर्नेलाई पुरस्कार दिँदै निस्दी गाउँपालिका



**पाल्पा,** जेठ १९/जिल्लाको निस्दी गाउँपालिकाले २० वर्ष पुगी विवाह गर्ने महिलाई पुरस्कार दिने भएको छ । पालिकाले समाजमा बढिरहेको बालविवाहलाई रोक्ने उद्देश्यले कक्षा १२ उत्तीर्ण गरी २० वर्ष उमेर पुगी विवाह गर्ने महिलालाई प्रोत्साहनस्वरुप पुरस्कार प्रदान गर्ने भएको हो ।

बालमैत्री गाउँपालिका घोषणाका लागि अभियानमा जुटेको पालिकाले साउन १ देखि बैशाख ३१ गते सम्म गाउँपालिका भित्र स्थायी बसोबास गर्ने महिलाहरुलाई पुरस्कार दिने बताएको छ । बालविवाह न्यूनिकरण गर्नुको साथै छोरीहरुलाई उच्च शिक्षाको पहुँचसम्म पुऱ्याउन उत्प्रेरित गर्ने उद्देश्यले प्रोत्साहनस्वरुप पुरस्कार प्रदान गर्न लागिएको गाउँपालिका उपाध्यक्ष तीरन कुमारी श्रेष्ठले बताईन् । उनले भनिन् '२० वर्ष पुगी विवाह गर्नेलाई पुरस्कार दिँदै निस्दी गाउँपालिका उमेर नपुगी हुने विवाह रोक्न गाह्रो हुन थालेपछि यस्तो नीति अवलम्वन गरिएको हो ।' पालिकाले यस अघि नै पुरस्कारका लागि निवेदन समेत आह्वान गरेको थियो । सो निवेदनका आधारमा पुरस्कृत गरिने छ । प्रोत्साहन पुरस्कार नगद सहित प्रदान गरिने गाउँपालिकाले जनाएको छ । पालिकाले महिला लक्षित कार्यक्रममार्फत पुरस्कार दिन लागेको हो । गाउँपालिकाले यस अघि गाउँपालिका भित्रका स्नातकोत्तर उत्तीर्ण महिलाहरुलाई नगद सहित सम्मान गरेको थियो । उसले स्नाकोत्तर उर्तिण १० जना महिलालाई नगद ५ हजार सहित दोसल्ला, सम्मान पत्रले सम्मान गरेको थियो । वडा कार्यालयहरुमार्फत तथ्याङ्क संकलन गरेर पालिकाले उनीहरुलाई १ सय १३ औं अन्तराष्ट्रिय नारी दिवसको अवसरमा सम्मान गरेको हो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई